# ढोरपाटन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षकनियुक्ति सम्बन्धी कार्यविधि

## २०७४

## ढोरपाटन नगर कार्यपालिकाको कार्यालय

## बागलुङ

# ढोरपाटन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति संबन्धी कार्यविधी २०७४

१. ढोरपाटन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्तिगर्न पर्ने भएमानगर शिक्षा अधिकृत /प्रमुख प्रशाशकिय अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सुची माग गर्नुपर्ने छ र माग गरेको सुची प्राप्त भएपछि सुचीमा रहेका उम्मेद्वारहरु मध्ये नगर शिक्षा शाखाले विद्यालयमा सिफारिस गर्नुपर्नेछ र व्यवस्थापन समितीले बढिमा एक शैक्षिक सत्रको लागि शिक्षक नियुक्तिगर्न सक्ने छ ।

२. कार्यविधी १ बमोजिम करारमा शिक्षक नियुक्ती गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित र विषय मिल्ने गरी मात्र करार शिक्षक नियुक्ती गर्न सकिने छ ।

३.कार्यविधी १ बमोजिम शिक्षक नियुक्ति गर्ने कम्तीमा १५ दिनको सार्वजनिक सुचना संभाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, नगर कार्यपालिका र संबन्धित विद्यालयमा सुचना टाँस गरिने छ । यस्तो सुचना ढोरपाटननगर कार्यपालिकाको *website*मा समेत राखिने व्यवस्थाहुनेछ ।

४. कार्यविधी ३ बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदनदिने उमेद्वारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकता, अध्ययन अनुमतिपत्रको प्रमाणपत्र साथनिवेदन पेश गर्नुपर्ने छ।

५. कार्यविधी ४ बमोजिम परेका निवेदन उपर नगरपालिका बाट गठित करार शिक्षक छनौट समिती (आयोगले) परिक्षा सञ्चालन हुने दिनको परिक्षा सञ्चालन भन्दा १ घण्टा अगाडी विज्ञहरुको लिष्टबाट विषय गत आवश्यक हुनेमा सोहि बमोजिमका विषय विज्ञ सहित मिल्ने गरी गोला प्रथाद्वारा विज्ञहरुलाई छनौट गरिने छ।

६. कार्यविधी ४ बमोजिम छनौट भएका विज्ञहरुले शिक्षक छनौट समितीका पदाधिकारी र नगर शिक्षा अधिकृतको/प्रमुख प्रशाशकिय अधिकृतको रोहवरमा प्रश्न बैंक बाट प्रश्न छनौट गर्नुपर्नेछ । र त्यसरी छनौट भइ परीक्षा सञ्चालन भएको १ घण्टा पछि मात्र विज्ञहरुले परीक्षा केन्द्रबाट बाहिर जानपाउनेछन्  र सो अवधीभर मोबाइल स्वीच अफगर्नुपर्नेछ र उत्तर पुस्तिकालाई परीक्षा समितीले कोडिङ गरेपछि सम्परीक्षणको पनि व्यवस्था गरिने छ  र दुवै परिक्षाणमा अङ्क समानभएमा सोहि बमोजिम र अन्तर १० प्रतिशतमाथि परेमापुनः परिक्षण गरी नतिजा प्रकाशन गरिने छ ।

**<u>उमेद्वारको लागिअयोग्यता :</u>**

देहायकाव्यक्तिहरु शिक्षक पदमा उमेद्वार हुनको लागि योग्य हुन सक्ने छैनन् :

क) गैर नेपालीनागरिक

ख) १८ वर्ष उमेर नपुगेको

ग) ४० वर्षउमेर नाघेको

घ) मगज विग्रेको

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत बाट कसुरदार ठहरिएको ।

च) भविष्यमा सरकारी नोकरी वाशिक्षक सेवाको लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त गरिएको ।

छ) अध्यापन अनुमतिपत्र नलिएको ।

**योग्यता र तालिम :**

क) आधारभुत तहको १-८ कक्षाको लागि : प्रमाणपत्र तह र १० महिने तालिम

ख) माध्यामिक तहको ९-१० कक्षाको लागि स्नातकतह र १० महिने तालिम

ग) माध्यामिक तह ११-१२कक्षाको लागि स्नाकोत्तर तह र अध्यापन अनुमतिपत्र

**परीक्षाको पुर्णाङ्क र उत्तीर्णाङ्कः**

शिक्षक छनोट समितीबाट लिइने परीक्षाको पुर्णाङ्क देहाय बमोजिम हुनेछ :

क) लिखित परीक्षाको १०० अङ्क

ख) प्रयोगात्मक परीक्षाको २५अङ्क

ग) अन्तरवार्ताको २५ अङ्क

तर विषयको प्रकृती हेरी आवश्यक ठानेमा मात्र प्रयोगात्मक परिक्षालिइने छ ।

लिखित परिक्षाको ३५ र प्रयोगात्मक तथा अन्तरवार्ताको १०/१० अङ्कलाई उत्तीर्णाङ्क हुने छ ।

**अन्तरवार्ताको अङ्कः**

अन्तरवार्ताको लागि छुट्याएको अङ्कलाई देहायबमोजिमदिइने छ :

क) अनुभवबापत सोही श्रेणीको पदमा अन्य कतै काम गरे वापत प्रत्येक वर्षको १ अङ्कका दरले बढिमा १२ अंक

ख) शैक्षिक योग्यता बापत सेवाप्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथमश्रेणीको भए ३ द्वितीय श्रेणीको भए २ तृतीयश्रेणीको भए १ अङ्कका दरले बढिमा ३ अङ्क

ग) अन्तरवार्ता बापत १० अंक

तर अन्तरवार्ताको अङ्क दिँदा कुनै उमेद्वारलाई ७० प्रतिशतभन्दा बढि र ३० प्रतिशतभन्द ाकम अङ्क दिनपर्ने भएमा त्यस्तो नम्वर दिनपर्ने स्पष्ट कारण खुलाउनुपर्ने छ ।

**पाठ्यक्रम :**

शिक्षक सेवाआयोगले निर्धारण गरेको पाठ्यक्रम नै सम्बन्धित तहको पाठ्यक्रममानिने छ ।

शिक्षक छनौट समितीले लिखित परीक्षा र प्रयोगात्मक परिक्षालिएको भए सो परीक्षामा सफल भएका उमेद्वारहरुको अन्तरवार्ताम ाप्राप्त गरेको अङ्कजोडि सवै परीक्षाको कुलअङ्कमा सबैभन्दा बढि अङ्कप्राप्तगर्ने उम्मेद्वारको नाम नियुक्तिका लागि सिफारिस गरीने छ र सिफारिस गरेको

उम्मेद्वारले ७ दिन भित्र नियुक्तीको लागि संवन्धित विद्यालयमा संपर्क नगरेमा बैकल्पिक उम्मेद्वारलाई नियुक्ति दिन सकिने छ ।

**शिक्षक छनौट समिति** : (१) सामुदायिक शिक्षकको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवाको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-

(क) व्यवस्थापन समितिले तोकेको सो समितिको अध्यक्षवा सदस्य - संयोजक

(ख) तोकिएको परीक्षा सञ्चालन गर्नकालागी परीक्षा सञ्चालन गर्नुभन्दा दुई घण्टा अगाडी सूचीकृत विषयविज्ञहरु मध्येबाट गोलाप्रथाद्वारा आवश्यक विषयविज्ञको छनौटभएका२ जना

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(३) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(४) शिक्षक छनौट समितिले आफ्नो बैठक लगायतका अन्य कार्यविधि आफैनिर्धारण गर्नेछ ।

# करार शिक्षक छनौटका लागिलिइने परीक्षाको हाजिरी फाराम

विद्यालयको नाम : श्री .......................................................................
ठेगाना ..............................................................

## परीक्षा:लिखित

| विषय:....................................... | | तह:..................................... | मिति:..................................... | | |
|---|---|---|---|---|---|
| क्र.स. | परीक्षार्थीको नाम | ठेगाना | रो.न. | हस्ताक्षर | कैफियत |
| १ | | | | | |
| २ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |

## परीक्षा:अन्तरवार्ता

| विषय......................................... | | तह:..................................... | | | |
|---|---|---|---|---|---|
| क्र.स. | परीक्षार्थीको नाम | ठेगाना | रो.न. | हस्ताक्षर | कैफियत |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |